# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लोमन्थाङ गाउँपालिका

## मुस्ताङ





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लोमन्थाङ गाउँपालिका

मुस्ताङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लोमन्थाङ गाउँपालिका

मुस्ताङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ७३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लोमान्थाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मुस्ताङ।

**कैफियत सहितको राय**

हामीले लोमान्थाङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३३ लाख ८६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु २४ लाख १४ हजार फर्स्योट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५ लाख २५ हजार, नियमित गर्नुपर्ने रु ४ लाख ४७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५७ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु ४० लाख १२ हजारको संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु २७ लाख ११ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | ३२ | ३३८६ | ० | २० | २४१४ | ४१ | १२ | ९७२ | ५२५ | ४४७ | ० | ० | ० | ४४७ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३८ | स्कूल ड्रेस वितरणको प्रमाण पेश गर्नुपर्ने | २९०३६४ |
| २ | ४० | वाल विकास सहजकर्ताको लागि वढी निकासा दिएको असुल गर्नुपर्ने | १०६६४०९ |
| ३ | ४४ | सेवा करार कर्मचारीको स्थानिय भत्ता नियमसम्वत नदेखिएको | ९६६१८७ |
| ४ | ४६ | मोवाईल फिर्ता गरी जिन्सी दाखिला गर्नुपर्ने | ४४००० |
| ५ | ४९ | ढुंगा विच्छ्याउदा बढी भुक्तानी असुल गर्नुपर्ने | ३०२० |
| ६ | ५१ | गाडी भाडा भुक्तानीको प्रमाण पेश गर्नुपर्ने | ४४००० |
| जम्मा | | | २४१३९८० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लोमान्थाङ गाँउपालिपका | ५७५१ | ० | ४०१२ | १७३९ | ० | ९७२ | २७११ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लोमन्थाङ गाउँपालिका, मुस्ताङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | buddhiram upadhyay | २०७८-१२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ujwal chapain | २०७६-८-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९७१,८०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,८४,२५,६८३.४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १६,४७,३०,००० | **चालु खर्च** | १२,३३,८३,९७३.६३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४४,२०,००० | **पूँजीगत खर्च** | ९,०१,९१,३५७.७४ |
| **राजश्व बाँडफाँट** | ३,५९,४८,९९०.८१ | **वित्तीय/अन्य व्यवस्था** | ६,३६,७०,८५६.२१ |
| **आन्तरिक आय** | २६,५४,०६७.१२ | | |
| **अन्य आय** | २,८०,०३,७००.०७ | | |
| **कुल आय** | २४,५७,५६,७५८ | **कुल खर्च** | २७,७२,४६,१८७.५८ |
| **बाँकी मौज्दात** | | ८,६९,३६,२५३.९१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड, मार्गदर्शन, असल अभ्यास समेतलाई आधार मानी नमूना छनौट (Sampling) का आधारमा गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी परीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको जिम्मेबारी व्यवस्थापन पक्षमा रहने छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, ७२७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८९९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः संघीय सशर्त अनुदानतर्फ खर्च नभई बाँकी रहेको रु.१,००,०००।० र भुक्तानीमा कट्टी गरेको दाखिला गर्न बाँकी राजस्व रकम रु.१०,८७०/- समेत रु.११०८७०।० असुल भई सञ्चित कोष दाखिला भएको भौचर प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । स्थानीय तहको आर्थिक वर्ष 2077/78 को लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा मौज्दात निम्नानुसार रु.११,६३,९१,६९०।६५ रहेकोमा यो वर्षको शुरुमा निम्नानुसार रु.११,८४,२५,६८३।४९ जिम्मेवारी सारेको देखियो । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२०,३३,९९२।८४ बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तीय विवरणमा कुनै कारण खुलासा गरेको छैन ।
<table>
<tr><th>गत वर्षको अन्तिम मौज्दात</th><th>रकम</th><th>यो वर्षको शुरु मौज्दात</th><th>रकम</th></tr>
<tr><td>क. चालु खर्च खाता</td><td>५७५३५६।६९</td><td>क. कार्यालयको मौज्दात</td><td>११००२०१५४।२०</td></tr>
<tr><td>ख. पूंजीगत खर्च खाता</td><td>२०५८२०४०।३७</td><td>ख. धरौटी खाता</td><td>२३०४९६७।८२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग. स्थानीय तह संचितकोष खाता</td><td>८७१४१३३८.३०</td><td>ग. प्रकोप व्यवस्थापन कोष खाता</td><td>६०००५६१।४७</td></tr>
<tr><td>घ. धरौटी खाता</td><td>१९६२३९३.८२</td><td>घ. लैंगिक हिंसा निवारण कोष खाता</td><td>१०००००।००</td></tr>
<tr><td>ङ. प्रकोप व्यवस्थापन कोष खाता</td><td>६०००५६१.४७</td><td></td><td></td></tr>
<tr><td>च. लैंगिक हिंसा निवारण कोष खाता</td><td>१०००००।०</td><td></td><td></td></tr>
<tr><td>छ. पूँजीगत खर्च खाता (नेपाल बैंक)</td><td>३००००।०</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>११६३९१६९०।६५</td><td></td><td>११८४२५६८३।४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था बमोजिम २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट प्राप्त हुने म.ले.प. फा.नं. 272 को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षालगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समावेश गरी स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७८/७९ को वित्तीय कारोबारको स्थिती देहाय बमोजिम रहेको छ
<table>
<tr><th>सि.नं.</th><th>आयतर्फ</th><th>रकम</th><th>सि.नं.</th><th>व्ययतर्फ</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>१</td><td>संघीयसमानिकरण</td><td></td></tr>
<tr><td></td><td>क)कार्यालयको मौज्दात</td><td>११००२०१५४।२०</td><td></td><td>क) चालु</td><td>१४७३७८७६।९५</td></tr>
<tr><td></td><td>ख) धरौटी</td><td>२३०४९६७।८२</td><td></td><td>ख) पुंजिगत</td><td>३४७००९५०।५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) प्रकोपव्यवस्थापन कोष | ६०००५६१।४७ | २ | **संघीयसशर्त अनुदान** | |
| | घ) लैंगिकहिंसा निवारण कोष खाता | १०००००।०० | | क) चालु | ४०५९२६८२।७६ |
| २ | **संघियसरकारवाट प्राप्त अनुदान** | | | ख) पुँजिगत | ५०३९५२२।८८ |
| | क) वित्तियसमानिकरण अनुदान | ७०३०००००।०० | ३ | **संघीयसमपुरक** | १२०१८००५।४३ |
| | ख) सशर्तअनुदान | ७९५३००००।०० | ४ | **आन्तरिकस्रोत** | |
| | ग) समपुरकअनुदान | १४९००००००।० | | क) चालु | ५२७५१२७९।४६ |
| ३ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | | ख) पुँजिगत | २१७८८०५७।३३ |
| | क) वित्तियसमानिकरण अनुदान | ४४२००००।०० | ५ | **राजश्ववाडँफाडँ संघ** | |
| | ख) सशर्तअनुदान | ५००००००।०० | | क) चालु | १३३५५७६७।४६ |
| | ग) समपुरकअनुदान | ५००००००।०० | | ख) पुँजिगत | ५७३०९६४।८५ |
| ४ | **राजश्वबाडँफाडँबाट प्राप्त** | | ६ | **राजश्ववाडँफाडँ प्रदेश** | |
| | क) संघियसरकारवाट प्राप्त | ३४०९५४०३।८१ | | क) चालु | ६४१००।०० |
| | ख) प्रदेशसरकारबाट प्राप्त | १८५३५८७।०० | | ख) पुँजिगत | १५४३५७७।०५ |
| | ग) आन्तरिक राजश्व | २६५४०६७।१२ | ७ | **प्रदेशसमानिकरण चालु** | १८८२२६७।०० |
| ५ | **अन्तरसरकारी वित्तिय हस्तान्तरण** | | ८ | **प्रदेशशसर्त अनुदान** | ३८७०२७९।७० |
| | क) सामाजिकसूरक्षा | ११८१७६७२।०० | ९ | **प्रदेशसमपुरक अनुदान** | ५००००००।०० |
| | ख) एकिकृत स्वास्थ्य पुर्बाधार विकास | १२७९७८३० | १० | **अन्तरसरकारीवित्तिय हस्तान्तरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **कार्यसञ्चालनकोष** | | | क) सामाजिकसूरक्षा | ११८१७६७२।०० |
| | क) विविधखर्च खाता | १०००००।०० | | ख) एकिकृत स्वास्थ्य पुर्बाधार | १२७९७८३०।०० |
| ७ | **धरौटी प्राप्ती** | ३२८८१९८।०७ | ११ | **धरौटीफिर्ता** | ७५०५००।०० |
| | | | १२ | **कार्यसञ्चालनकोष** | |
| | | | | क) प्रकोपव्यवस्थापन कोष | १२९५३४५।८९ |
| | | | | ख) लैंगिकहिंसा निवारण कोष खाता | १०००००।०० |
| | | | १३ | **फिर्ता (संघर प्रदेश तर्फ)** | ३७४०९५०९।२३ |
| | | | १४ | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | |
| | | | | क) ग. २.७बिबिध खर्च खाता | १०००००।०० |
| | | | | ख) ग. ३धरौटी खाता | ४८४२६६६।७९ |
| | | | | ग) ग. ४.१सञ्चित कोष खाता | ७७२८८३७१।५४ |
| | | | | घ) ग. ७.२प्रकोप व्यवस्थापन कोष | ४७०५२१५।५८ |
| | **कुल जम्मा** | **३६४१८२४४१।४९** | | **कुल जम्मा** | **३६४१८२४४१।४०** |

७

**चौमासिक पूँजीगत खर्चः** पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ

| **पूँजीगत खर्च** | **बजेट व्यवस्था** | **कुल खर्च** | **चौमासिक खर्च (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कूल खर्चः</td><td>१५,४४,५९,</td><td>९,०१,९१</td><td>२,२८,५०</td><td>१,५१,५४</td><td>५,२१,८७</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td></td><td>५८.३९</td><td>२५.३२</td><td>१६.८०</td><td>५७.८८</td></tr>
</table>
उल्लिखत तालिका अनुसार पूँजीगत खर्चको वार्षिक अनुमानको ५८.३९ मात्र खर्च भएको छ । सो मध्ये प्रथम चौमासिकमा २५.३२ प्रतिशत, दोस्रो चौमासिकमा १६.८० प्रतिशत, तेस्रो चौमासिकमा ५७.८८ प्रतिशत खर्च भएको देखिन्छ । पालिकाको वार्षिक बजेट २०७८।०३।१० मा पारित भएतापनि अधिकांश खर्च तेस्रो चौमासिक र आषाढ महिनामा खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
क्षेत्रगत बजेट विनियोजन र खर्च :- समग्रस्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२,९०,३२,०००.००</td><td>१,६४,०७,१९४.०१</td><td>५६.५१</td></tr>
<tr><td>सामाजिक विकास</td><td>८,५६,१६,४२६.००</td><td>५,२०,४९,०७९.१९</td><td>६०.७९</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>११,७१,०४,१०५.६५</td><td>६,५४,२४,९०९.४०</td><td>५५.८७</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५७,८५,५२१.४६</td><td>१४,१४,१४१.००</td><td>२४.४४</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>९,२०,९३,८०१.१०</td><td>७,८२,८०,००७.७७</td><td>८५</td></tr>
<tr><td>जम्मा</td><td>३२,९६,३१,८५४.२१</td><td>२१,३५,७५,३३१.३७</td><td>६४.७९</td></tr>
</table>
उपर्युक्त तालिका बमोजिम बजेटको तुलनामा सबै भन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २४.४४ प्रतिशत र सबै भन्दा बढीकार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ८५ प्रतिशत खर्च भएको छ।पूर्वाधार खर्च बढाउने गरि कार्यक्रम सञ्चालन हुनुपर्दछ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
खर्च बिश्लेषण – पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार यसबर्ष कुल आन्तिरक आयबाट रु.२६,५४,०६७।१२ राजस्व बाँडफाँट र अनुदानबाट रु.२४,३१,०२,६९१।७८ समेत रु.३६,४१,८२,४४२।४० आम्दानी भएकोमा चालु तर्फ रु.१२,३३,८३,९७३।६३ र पूँजिगत तर्फ रु.९,०१,९१,३५७।७४ समेत रु.२१,३५,७५,३३१।३७ खर्च गरेको छ। खर्च मध्ये आन्तरिक
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयको हिस्सा 1.२४ प्रतिशत रहेको छ । यो बर्ष पदाधिकारी सुबिधामा रु.५५,४४,२२०।० खर्च भएको छ जुन आन्तरिक आयको २०८.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५८ प्रतिशत चालु र ४२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १० | | | **पूँजीगत खर्चः** पालिकाले पेश गरेको विवरण अनुसार बोलपत्र, दरभाउपत्र, उपभोक्ता समिति मार्फत गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।<br><br>**खरिद विधि** — **जम्मा खर्च (रु. हजारमा)**<br>बोलपत्र — ५१७८५<br>सिलबन्दी दरभाउपत्र — १०२४६<br>सोझै खरिद — ५२१५<br>अमानत — २९७<br>उपभोत्ता समिति — २३६५२<br>गैसस — २०७<br>**जम्मा** — **९१४०२**<br><br>उल्लिखित तालिका अनुसार बोलपत्रको माध्यमबाट रु.५ करोड १७ लाख ८५ हजार, सोझै खरिद रु. १ करोड २ लाख ४६ हजार, उपभोक्ता समितिमार्फत रु.२ करोड ३६ लाख ५२ हजारर गैससमार्फत रु.२ लाख ७ हजार खर्च गरेको देखिन्छ । विकास निर्माणका कार्य खुला प्रतिस्पर्धाका आधारमा गर्दा लागत खर्चमा कमी आउने र निर्माण व्यवसायीको अनुभव क्षमता र स्रोत साधनको उपलब्धता समेत सुनिश्चित हुने हुँदा बोलपत्रबाट प्रतिस्पर्धि मूल्यमा विकास निर्माणका कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले कुनै किसिमको योजना तर्जुमा गरेको देखिएन । | |
| १२ | | | **राजश्व र व्ययको अनुमान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा उपाध्यक्षले २०७८।३।१० गते रु.३२.८४.३३.८५४।२१ व्यय अनुमान सहितको वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष पेश गरेकोमा सोही मितिमा पारित भएको छ । यसरी पेश गरिने बजेटमा राजस्वको स्रोत सहितको अनुमान समेत पेश गर्नुपर्नेमा व्ययको अनुमान मात्र पेश गरेको देखिन्छ । आन्तरिक राजस्वको स्रोत सहित अन्य स्रोतगत अनुमान समावेश गरी वार्षिक आय व्ययको अनुमान तयार गरिनुपर्दछ । | |
| १३ | | | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समितिको बैठक बसेता पनि ऐनमा व्यवस्था अनुसारको कार्य गरेको देखिएन । | |
| १४ | | | **वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनः** गाउँपालिकाको आर्थिक वर्ष २०७८७९ को वार्षिक नीति तथा कार्यक्रममा फोहोरमैलाको उचित व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन सम्वन्धी नीति बनाई फोहर व्यवसथापन गरिने, प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी हालको मुखिया न्यायीक प्रणालीलाई वैधिनिक रुपमा मेलमिलापकर्ता मार्फत न्याय निरुपण गरिने, नयाँ पर्यटकहरुलाई भित्र्याई सडकहरुमा दिशानिर्देश चिन्हको व्यवस्था गरिने, तथा सडकको दुवैतर्फ वृक्षारोपण कार्यक्रम अगाडी बढाईने उल्लेख गरेतापनि ती कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन । | |
| १५ | | | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ पालीकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७ | | | **आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नु पर्ने उल्लेख छ । यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हुन सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमित, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्:-<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>·संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>·मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन।<br>·पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>·पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>·दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>·जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>·कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>·ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>·पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आँशिक रुपमा गरेको पाइयो।<br>·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १८ | | | **स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन गरेको पाईएन । | |
| १९ | | | **भ्रमण खर्च** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारी भ्रमण आदेश स्वीकृत पश्चात भ्रमण अभिलेख कितावमा दर्ता गरी काजमा खटाउनु पर्नेमा कतिपय कर्मचारीहरुको भ्रमण अभिलेखमा दर्ता नगरी दैनिक भ्रमण खर्च बिलको रकम भुक्तानी खर्च लेखेको छ ।नियमावलीको नियम बमोजिम भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरित नियन्त्रण प्रणालीमा प्रभावकारी बनाउनेतर्फ ध्यान जानुपर्दछ । | |
| २० | | | **विपद् व्यवस्थापन समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि बैठक बसेको पाइएन । ऐनमा तोकिएबमोजिम गठित समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>**कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्नता गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये विपद व्यवस्थापन कार्ययोजना तर्जुमा नगरेको, विपदका कार्यहरूको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।<br>**वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २१ | | | **अवकाश कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले कर्मचारी अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ । | |
| २२ | | | **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । समितिको बैठक बसेता पनि ऐनको व्यवस्था अनुसारको कार्य गरेको देखिएन । | |
| २३ | | | **विषयगत समिति गठनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा गाउँसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा त्यस्ता समितिहरुको गठन र समितिका निर्णयहरु माग गर्दा पेश हुन आएन । कानुनी व्यवस्था बमोजिम विषयगत समिति गठन गरी पालिकाको काम कारवाहिहरुलाई सक्रिय र प्रभावकारी बनाउनुपर्दछ । | |
| २४ | | | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समितिको बैठक बसेता पनि ऐनमा व्यवस्था अनुसारको कार्य गरेको देखिएन । | |
| २५ | | | **न्यायिक समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ८ मा पालिकाको न्यायिक कार्य सम्वन्धमा व्यवस्था गरेको छ । दफा ४६ अनुसार न्यायिक समितिको व्यवस्था रहेकोमा न्यायिक समिति गठन भएतापनि न्यायिक समितिमा कुनै उजुरी परेको देखिएन। | |
| २६ | | | **सेवा प्रवाहः** कार्यालयले पेश गरेको विवरण अनुसार पालिकालेप्रवाह गर्ने मुख्य सेवाहरुमध्ये यो वर्ष नागरिकता सिफारिश ६३, घरबाटो सिफारिश२७, नाता प्रमाणित ४२, जम्म तथा मृत्यु दर्ता १७२ को संख्यामा सेवा प्रवाह गरेको छ । जनताको नजिकमा रहेको सरकारबाट जनताले सरल र सहज रुपमा सेवा प्राप्त गर्ने गरी पालिकाले कार्यसम्पादन गर्नेतर्फ केन्द्रीत हुनुपर्दछ । | |
| २७ | | | **कर्मचारी दरवन्दीः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यनमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको कर्मचारी सम्वन्धी विवरण अनुसार कूल ५८ दरबन्दी रहेकोमा ४२ पदपूर्ति भएको छ । सो मध्ये सेवा करारमा रहेको देखिन्छ । दरवन्दी अनुसारको पदपूर्ति नहुँदा पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न विषयगत शाखाका कार्यक्रमहरु सञ्चालन हुन नसकी जनताले प्राप्त गर्ने सेवा सुविधाहरुबाट वञ्चित हुने अवस्था रहेकोले दरवन्दी अनुसार पदपूर्ति गरी स्वीकृत वार्षिक नीति कार्यक्रम अनुसारका कार्यक्रमहरु सम्पादन गरिनुपर्दछ । | |
| २८ | | | **अनुत्पादक खर्चः–** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम रुपमा सार्वजिनक प्रतिफल हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले यो वर्ष देहाय बमोजिम रु. १,३९,३९,२६०/- पुँजीगत बजेट व्यक्तिगत सम्पत्तीको संरक्षण कार्यमा खर्च गरेको देखिन्छ । सार्वजनिक कोषबाट यस किसिमको नीजि परियोजनामा गर्ने खर्चमा नियन्त्रण हुनु पर्दछ । | |

| सि.नं. | आयोजनाको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | ढूक खेत पर्खाल निर्माण | १३००००० | १३००००० |
| २ | फुवा खेत तारवार | २५००००० | २३३८८१६.१६ |
| ३ | नाम्यल खेत तारवार | ३५०००० | ३५०००० |
| ४ | किमलिङ ठे तारजाली | ४००००० | ४००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल हेर्नुहोस्) | |

| | | | |
|---|---|---|---|
| ५ | न्याम्डो खेत तारजाली | २७००००० | २७००००० |
| ६ | चुङजुङ खेत तारजाली | २७००००० | २७००००० |
| ७ | आर्का खेत पर्खाल निर्माण | १३००००० | १३००००० |
| ८ | कोन्चोलिङ युबा क्लव साउन्ड सिस्टम खरिद | १००००० | ९८८७० |
| ९ | ठिगंर खेत पर्खाल निर्माण | ७००००० | ७००००० |
| १० | तल्लो नेचुङ खेत पर्खाल निर्माण | २०००००० | १७६३५७३.७१ |
| ११ | मदरिङमा खेत पर्खाल निर्माण | २८८००० | २८८००० |
| **जम्मा** | | **१४३३८०००** | **१३९३९२६०** |

२९

**योजना र कार्यान्वयन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। गाउँपालिकाबाट यस वर्ष कार्यान्वयन भएका योजनाहरु र बजेट देहायअनुसार रहेका छन्:

| क्र.सं. | विवरण | योजना संख्या | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | रु.१ लाख सम्मका | ६ | ५०२१०६ | २९३२३० |
| २ | रु.१ लाख भन्दा बढी ५ लाख सम्म | ३१ | ११७७३८४९ | ४१४६८१८ |
| ३ | रु.५ लाख भन्दा बढी १० लाख सम्म | २२ | १८५६४०७४ | ७५८०३५२ |
| ४ | रु.१० लाख भन्दा बढी ५० लाख सम्म | ३५ | ८१५०५५५३ | ५६७०३०६९ |
| ५ | ५० लाख भन्दा बढी | १ | १३३००००० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>जम्मा</td><td></td><td>९५</td><td>१२५६४५५८२</td><td>६८७२३४६९</td></tr></table> गाउँपालिका पुंजीगत यो वर्ष कार्यान्वयनमा ल्याइएका ९५ योजना मध्ये ३७ योजनाको प्रगती शुन्य रहेको, ५ वटा योजनाको प्रगती ५० प्रतिशत भन्दा कम रहेको, ७ वटा योजनाको प्रगती ७५ प्रतिशत सम्म रहेको छ भने ४६ वटा योजनाको वित्तीय प्रगती ७५ प्रतिशत देखी शतप्रतिशतसम्म रहेको देखिन्छ । पालिकाले भौतिक प्रगती देखिने गरी प्रगती प्रतिवेदन तयार नपारेको कारण भौतिक प्रगती यकिन गर्न सकिएन । कार्यान्वयनमा ल्याइएका योजनाहरु शतप्रतिशत प्रगती हासिल गर्ने तर्फ ध्यान जानुपर्दछ । | |
| ३० | | | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । <table><tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th></tr><tr><td>११३१४ भुमिकर/मालपोत</td><td>८,००,०००</td><td>८,१४,०७१.२०</td></tr><tr><td>११३२१ घरवहाल कर</td><td>८०,०००</td><td>२,१४,७४०.९२</td></tr><tr><td>११६९१ अन्य कर</td><td>५,००,०००</td><td>२,८२,७२५</td></tr><tr><td>१४२२४ परीक्षा शुल्क</td><td>४,०००</td><td>८,८००</td></tr><tr><td>१४२४३ सिफारिश दस्तुर</td><td>१,४०,०००</td><td>१,३१,०९०</td></tr><tr><td>१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>५,०००</td><td>५,६५२</td></tr><tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>५,००,०००</td><td>२,४२,५००</td></tr><tr><td>१५१११ बेरूजू</td><td>७,००,०००</td><td>९,५४,४८८</td></tr><tr><td>जम्मा</td><td>२७२९०००</td><td>२६५४०६७।१२</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी दाखिला गर्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ३१ | | | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत राखेको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३२ | | | **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७९ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाइएन । यस गाउँपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ। | |
| ३३ | | | **सामाजिक सुरक्षातर्फ**<br>गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ५वटा वडाका लाभग्राहीहरूको खातामा भत्ता रकम बैंक जम्मा गर्न प्रथम त्रैमासिकमा रु.२९,४०,८५२।०, दोस्रो त्रैमासिकमा रु.२९,७२,८३२।०र तेस्रो तथा चौथो त्रैमासिकमा रु.५९,५९,४६४।० गरी चार चौमासिकको जम्मा रु.१,१८,७३,१४८।० वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>**पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७7को दफा ३2मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।<br>**नवीकरण :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्राणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीहरूको नविकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **लाभग्राहीको अभिलेख :–**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा 10मा लाभग्राहीहरूको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची -३बमोजिम लक्षित समूहअनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा वितरण गरेको सामाजिक सुरक्षा भता वितरण केही लाभग्राहीहरूको जन्म मिति, नागरिकता नम्बर, परिचय पत्र नम्बर र आमा-बाबुको नाम समेत उल्लेख गरेको देखिएन । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरूले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अतः पालिकाबाट वितरण गरीने सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा अनुसूची-५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरीकता नम्बर र परिचय पत्र नम्बर प्रविष्ट गरी वितरण अद्यावधिक गर्नुपर्दछ ।<br>**अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले सो कार्य गरेको पाइएन । यस तर्फ पालिकाले क्रियाशिल हुनुपर्ने देखिन्छ ।<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा गाउँपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाब मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकास माग गर्दा हिसाब मिलानको विवरण पेश गरेको पाइएन । अतः कार्यविधिमा भएको व्यवस्था बमोजिम अघिल्लो चौमासिकको हिसाब मिलान विवरण पेश गरी निकासा माग गर्नेतर्फ पालिकाको ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **निर्माण कार्यको गुणस्तर :-** पालिकाबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, निर्माण व्यववसायी, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत सोझै गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ । | |
| ३५ | | | **उपभोक्ताको काम**:- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |
| ३६ | | | गो भौ नं ६९।०७८।८।९ बाट भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गर्नु पर्ने व्यवस्था छ । अध्यक्ष श्री सुवर्ण कुमार विष्ट २०७८।४।२१ देखि ४।२७ सम्म र २०७८।५।१३ देखि ५।१९ सम्म १४ दिन काठमाण्डौ भ्रमणमा जाँदाको भ्रमण बिलमा दैनिक रु.१०,०००।० का दरले १४ दिनको रु.१,४०,०००।० गाडी भाडा खर्च लेखेको छ । भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची -२ बमोजिमका दरमा दैनिक भत्ता पाउने र मुकाम रहेको अवधिमा नियमानुसार पाउने दैनिक भत्ता र भाडा मात्र उपलव्ध गराउनु पर्नेमा दैनिक रु.१०,०००।० का दरले गाडी भाडा खर्च लेखेकोले हुँदा यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| ३७ | | | गो भौ नं ११३।११।२६ वाट लोमान्थाङ गाउँपालिकाको गाउँसभा २०७८।९।२५ गते प्रथम बैठक पोखराको लेकसाइडको होटल एलो प्यागोडामा सभा संचालन गर्न जांदाको १८ जना कर्मचारीको दैनिक भ्रमण खर्च रु.१,८३,३८४।० र होटल एलो पागोडाको खाना खर्च रु.१,१६,३४४।० गरी जम्मा रु.२,९९,७२८।० खर्च लेखेको छ । पालिकाले गाउँसभा आफ्नै पालिका भित्र सभा संचालन गरेको भए दैनिक भ्रमण खर्च र होटल खर्चमा मितव्ययिता हुनेमा पोखरामा सभा गर्दा बढी व्ययभार पर्ने गरी खर्च लेखेकोले यस्तो खर्च नियन्त्रण हुनु पर्दछ । | |
| ३८ | | | **स्कूल ड्रेस वितरण**<br>✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.२,९०,३६४।- सम्परीक्षण गरिएको ।)* | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३९ | | | गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम अनुसार सीप विकास तथा जनचेतना तालिम गोष्ठी सम्वन्धी कार्यक्रमको लागि रु.४,४१,०००।० बजेट व्यवस्था भएकोमा गाउँ कार्यपालिकाको २०७९।३।२ को निर्णयले उक्त कार्यक्रम संशोधन गरी तिजी कार्यक्रममा रु.१,०७,०००।० र मुस्ताङ शाक्य बौद्ध संघलाई चौथो मुस्ताङ विश्व शान्ति (मोन्लुम पूजा) कार्यक्रममा रु.३३४,,०००।० खर्च गरेको छ । गाउँसभाबाट पारित कार्यक्रमलाई अर्को गाउँसभाले मात्र संशोधन गर्नुपर्नेमा गाउँ कार्यपालिकाको बैठकले संशोधन गरी फरक कार्यक्रम खर्च गरेको अनियमित देखिएको रु. | ३३४,००० |
| ४० | | | **वाल विकास सहजकर्ताको तलबः**<br>*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.१०,६६,४०९ ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४१ | | | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीयतहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीयतहले कानून नबनाई मिति २०७९असार ८ गते बसेको गाउपालिकाको बैठकको निर्णयले गाउ पालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन सूचकका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरी ८ जना कर्मचारीलाई खाईपाई आएको तलवको ६० प्रतिशत प्रोत्साहन भत्ता वापत रु.८,४३,६६२।० र गाउँसभा भत्ता वापत रु.२,२६,९८०।० गरी जम्मा रु.१०,७०,६४२।०भत्ता खर्च लेखेको छ । यसरी ऐनमा सुविधा नपाउने भत्ता खर्च पालिकाबाट निर्णय गरी पालिकालाई बढी व्ययभार पारेको देखिन्छ । | |
| ४२ | | | **कर्मचारी सुविधा** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन,संचालन व्यवस्थापन,सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन,संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस पालिकाले जनप्रतिनिधि एवं कर्मचारीहरूलाई देहायबमोजिमको सुविधा दिने गरी कार्यापालिकाबाट 2078/2/3 मा खर्च मापदण्ड-2078, स्वीकृत गरेको पाइयो । पालिकाले कर्मचारीहरूलाई संचार सुविधा एवं खाजा खर्च वापत रु.३१६७००।० खर्च गरेको छ । पालिकाको आन्तरिक श्रोतको आम्दानी न्यून रहेको हुँदा यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>बैठक भत्ता अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७५ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिको दफा ७ १ १ मा बैठक भत्ता दिने आधारहरुको स्पष्ट विषयबस्तु र कार्ययोजना वेगर बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख गरेको छ । पालिकामा विभिन्न मितिमा चौथो, पाँचौं र छौठौ तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्याकनका लागि पुनरावलोकन समिति बैठक बस्दा निर्देशिकाको आधारहरुको पालना नगरी कर्मचारीहरुलाई प्रति बैठक जनहि रु.१०००।० का दरले ९ जनालाई ४८ बैठकको बैठक भत्ता वापत रु.४८०००।० खर्चमा कर कट्टी पश्चातको रु.४०८०० खर्च लेखेको छ। यस किसिमको खर्चमा नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सेवा करार कर्मचारीको स्थानीय भत्ताः सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन÷१८÷०७३।७४, चलानी नं. २१७ मिति २०७४।०१।२५ को परिपत्रले करार सेवाका कर्माचारीको सुविधाबारे स्पष्ट पारेको छ । जसअनुसार करारका कर्मचारीलाई स्थानीय भत्ता वापतको भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले यस वर्ष सेवा करारतर्फका देहायका ९ कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>पद</th><th>स्थानीय भत्ता वापतको रकम</th></tr>
<tr><td>१</td><td>श्री पेमा वाङदी गुरुङ्ग</td><td>कास</td><td>५६७६०</td></tr>
<tr><td>२</td><td>श्री याङजीङ गुरुङ्ग</td><td>कास</td><td>४७३००</td></tr>
<tr><td>३</td><td>श्री पेमा वाङदी गुरुङ्ग</td><td>सवारी चालक</td><td>५६७६०</td></tr>
<tr><td>४</td><td>श्री दिकी आङ्भो गुरुङ्ग</td><td>कास</td><td>५६७६०</td></tr>
<tr><td>५</td><td>श्री टसी लोवा गुरुङ्ग</td><td>कास</td><td>५६७६०</td></tr>
<tr><td>६</td><td>श्री लक्जुम गुरुङ्ग</td><td>कास</td><td>५६७६०</td></tr>
<tr><td>७</td><td>श्री कमला वि क</td><td>अहेब</td><td>५८१४०</td></tr>
<tr><td>८</td><td>श्री कमला कुँवर</td><td>अनमी</td><td>७७५२०</td></tr>
<tr><td>९</td><td>श्री पुनम परियार</td><td>अनमी</td><td>५८१४०</td></tr>
</table></td><td>५२४,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>५२४९००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.९,६६,१८७ ।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
शिक्षक दरवन्दी, पदपूर्ति एवं विद्यार्थी संख्याः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । लेखापरीक्षणको क्रममा गाँउपालिका अन्तर्गत शैक्षिक सत्र २०७८ मासञ्चालनमा रहेका सामुदायिक विद्यालय र ती विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको संख्या तथा स्वीकृत शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था, शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदन लगायतका विवरण माग गर्दा पेश नभएकोले शिक्षातर्फ भएको निम्नानुसार खर्च यकिन गर्न सकिएन ।
<table>
<tr><th>क्र.सं.</th><th>खर्च शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>१.</td><td>माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षकको तलब भत्ता</td><td>२८२०७६४</td></tr>
<tr><td>२.</td><td>प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक</td><td>२२२८५००</td></tr>
<tr><td>३.</td><td>आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षकको तलब</td><td>१०८२९९७३</td></tr>
<tr><td>४.</td><td>सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति</td><td>१८८००००</td></tr>
<tr><td>५.</td><td>तोकिएका विद्यार्थीको दिवा खाजा</td><td>२३८५००</td></tr>
<tr><td>६.</td><td>सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक</td><td>८८९४५</td></tr>
<tr><td>७.</td><td>विद्यालय सन्चालन तथा व्यवस्था अनुदान</td><td>४०७०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८४९३६८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
मोबाईल खरिदः<br>
..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.४४,००० ।- सम्परीक्षण गरिएको ।)
</td><td>०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
खरिद सम्झौता नगरि खरिद कार्य :- सार्जनिक खरिद ऐन, २०६३ को दफा ५२(१) बमोजिम सार्वजनिक निकायले फूटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले प्रकोप व्यवस्थापन अन्तर्गत पेमार बाटो मर्मत कार्य वापत ताङवोछे
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोरला कन्स्ट्रक्सनलाई रु.१,१२,९०९/- गरेकोमा खरिद सम्झौता गरेको देखिएन । खरिद सम्झौता नगरी निर्माण गराइ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | ११२,९०९ |
| ४८ | | | **खरिद कारवाहीको अभिलेखः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । उक्त अभिलेखको अभावमा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सकिएको छैन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ४९ | | | **बढी भुक्तानी**<br>✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.३,०२० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ५० | | | **झोलुङ्गे पुल निर्माण कार्यक्रम तर्फ -** सार्वजनिक खरिद नियमावली, 2064 को नियम ९७ मा उपभोक्ता समितिहरूबाट हुने निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था छ । नेपाल सरकारबाट घोषित तुइन विस्थापन कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको कार्यक्षेत्रमा धोप्को खोला र मर्चाङ्ग खोला झोलुङ्गे पुल निर्माण गरेको पाइयो । कार्यालयले यो वर्ष धोप्को खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई रु.१०,८९,९८३।५७ र मर्चाङ्ग खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई रु.१०,९४,१९२।३१ भुक्तानी गरेकोमा स्वीकृत मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम निर्माण कार्य भएको पुष्टि गर्ने निर्माण सामग्रीको ल्याब टेष्ट रिपोर्ट लगायतका प्रमाण कागजात संलग्न गरेको पाइएन । साथै पुल निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणको लागि एक गैर सरकारी संस्था (मुस्ताङ कल्याणकारी संघ) नियुक्त भएकोमा उक्त संस्थाले समेत आफ्नो प्रतिवेदनमा निर्माण कार्यको गुणस्तर सम्बन्धमा केही उल्लेख गरेको पाइएन । अतः स्वीकृत मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम निर्माण कार्य भएको सुनिश्चित गर्ने आधार पेश हुनुपर्दछ । | |
| ५१ | | | **जिन्सी दाखिलाः** | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | *..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.४४,००० ।- सम्परीक्षण गरिएको ।)* | |
| ५२ | | | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिकलेखा परीक्षण गराउनु पर्ने र उपदफा (३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएकाकैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावैसम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणले औंल्याएका निम्नानुसारका बेरुजु लेखापरीक्षण अवधिसम्म पनि सम्परीक्षण गराएको देखिएन ।<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पाँच रुपैयाँसम लागत अनुमान भएको निर्माण वा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८४ मा बीस लाख रुपैयाँसम्म सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्ने व्यवस्था रहेकोमा पालिकाले सो विपरित गाउँपालिका चालुतर्फ झीन्जु आधारभूत विद्यालयलाई आवास व्यवस्थापन सामाग्री खरिद गर्दा ढुवानी सहित रु.५,८९,३५३/- भुक्तानी गरेको छ । सीमा भन्दा बढीको कार्य सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ५३ | | | **पेश्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा बिभिन्न निर्माण व्यवसायीलाई दिएको पेश्की रु.१,१७,०२,१७०/- फर्छ्यौट गर्न बाँकी रहेकोमा चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की रु.१,२७,९७,८३०/- गरी जम्मा रु.२,४५,००,०००/- पेश्की दिएको छ । फछर्यौट गर्न वाँकी रहेको पेश्की नियमावलीको व्यवस्था अनुसार फछर्यौट गर्नुपर्दछ । | |

| पेश्की लिएको भौ न र मिति | पेश्की लिनेको नाम | सम्झौताको म्याद | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ३।०७८।३।२३ | डाँफे।हरि।सन्त जे भी | २०८०।२।२३ | ५२०२१७० | |
| २।०७९।१।२७ | डाँफे।हरि।सन्त जे भी | २०८०।२।२३ | ३७९७८३० | |
| ४।०७९।३।२० | डाँफे।हरि।सन्त जे भी | २०८०।२।२३ | ९००००० | |
| २८।०७८।३।१ | बि एन।जुम्ली।त्रिशक्त जे भी | २०८०।३।२२ | ३०००००० | |
| १९२।०७८।३।३० | बि एन।जुम्ली।त्रिशक्त जे भी | २०८०।३।२२ | ३५००००० | |
| | **जम्मा** | | २४५००००० | |